रतुवामाई नगरपालिका

१नं.प्रदेश, मोरङ

# रतुवामाई नगरपालिकाको राजपत्र

रतुवामाई नगरपालिका बाट प्रकाशित

खण्ड:७ संख्या:२ मिति २०७८/०२/२०

**रतुवामाई नगरपालिका**

## शव वाहन सञ्चालन कार्यववधि,२०७८

रतुवामाई नगरपालिका क्षेत्रमा बसोवास गर्ने नागरिकहरुलाई आफ्नो रितिथिति अनुसार मृत्यु संस्कार पुरागर्न घर देखि घाटसम्म सहयोग पुर्याउने गरी नगर क्षेत्रमा निशुल्क रुपमा शववाहन सेवा उपलब्ध गराउन वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (२) को अधिकार प्रयोग गरी रतुवामाई नगरपालिकाको यो कार्यववधि पारित गरी नागरिकहरुको जानकारीको लागि राजपत्र प्रकाशन गरिएको छ ।

# रतुवामाई नगरपालिका
# शववाहन सञ्चालन कार्यववधि,२०७८

प्रमाणीकरण मिति :

रतुवामाई नगरपालिका क्षेत्रमा बसोवास गर्ने नागरिकहरुलाई आफ्नो रितिथिति अनुसार मृत्यु संस्कारपुरा गर्न घर देखि घाटसम्म सहयोग पुर्याउने गरी नगरक्षेत्रमा निशुल्क रुपमा शववाहन सेवा उपलब्ध गराउन वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (२) को अधिकार प्रयोग गरी रतुवामाई नगरपालिका कार्यविधि बनाएकोछ ।

१. **सक्षिप्त नाम र प्रारम्भ :**

(१) यस निर्देशिकाको नाम “शववाहन सञ्चालन कार्यविधि,२०७८” रहेकोछ ।

(२)यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएपछि प्रारम्भ हुने छ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा ,

(क) “कार्यववधि” भन्नाले रतुवामाई नगरपालिका शववहान सञ्चालन कार्यववधि २०७८ सम्झनु पर्छ ।

(ख) “नगरपालिका” भन्नाले रतुवामाई नगरपालिका सम्झनु पर्छ ।

(ग) “शववाहन” भन्नाले रतुवामाई नगरपालिका क्षेत्र भित्रका मृतक व्यक्तिको दाहसंस्कार गर्ने स्थल सम्म पुर्याउन प्रयोग गरिने साधनलाई सम्झनु पर्छ ।

(घ) “स्थानीय समन्वय समिति” भन्नाले नगरपालिका स्तरमा शव वाहन संचालन तथा व्यवस्थापन गर्ने प्रयोजनको लागि गठित समन्वय समिति सम्झनु पर्छ।

(ङ) “अनदानु” भन्नाले नेपाल सरकारबाट नगरपालिकालाई उपलब्ध हुने नि:शर्त तथा सशर्त अनुदानको रकम समेत सम्झनु पर्छ।

३. **ऐनको उद्धेश्य :** ऐनको उद्धेश्य देहायबमोजिम हुनेछ।

(क) शववाहन सञ्चालनको जिम्मेवारी विश्वसनीय र भरपर्दा रूपमा निर्वाह गर्ने,

(ख) शववाहन सञ्चालनको लागी श्रोत व्यस्था, नियमित मर्मत संभार र सेवा प्रवाह प्रभावकारी बनाउने।

४. **कार्यक्षत्र :** नगरपालिकाको अगुवाइमा स्थानीय तहबाट शव वाहनको व्यवस्थापन, संचानल, मर्मत संभार सम्बन्धित कार्यसम्म मात्र यस निर्देशिकाको कार्यक्षेत्र हुनेछ।

५. **शववहान सेवा सञ्चालन तथा व्यवस्थापन :** (१) शववाहन उपलब्ध गराउने सम्बन्धमा :

(क) प्रयोग नभई शव वाहन खालि रहेको बेला नगरपालिकामा बसोवास गर्ने व्यक्ति र परिवार बाट शववाहन माग भएमा First Come First Serve को आधारमा नगरपालिकाले निशुल्क उपलब्ध गराउनेछ।

(ख) शववाहन माग गर्नको लागि रतुवामाई नगरपालिका अन्तरगत शववाहन सेवाको लागि उपलब्ध हुने नम्बरमा फोन गर्नु पनेछ।

(ग) कार्यालयले उपलब्ध गराउने शव वहान संचालनको तोकिएको ढाँचा बमोजिमको अपरेशन तोकिएको अधिकारीले प्रमाणित गरि सम्बन्धित अपरेटरलाई उपलब्ध गराउनु पर्नेछ।

अपरेटरले पनि सोहि लगसीटमा उपकरण संचालन सम्बन्धि अभिलेख राख्नु पर्नेछ।

(घ) शववाहन प्रयोग गर्दा साइटसम्म लैजाने र काम समाप्त भए पश्चात सुरक्षित तवरले कार्यालयमा फिर्ता बुझाउने सम्पूर्ण जिम्मेवारी सम्बन्धित प्रयोगकर्ता र अपरेटरको हुनेछ ।

(ङ) शववाहन प्रयोग गर्दा तोकिएको स्थानमा भन्दा अन्य क्षेत्रम लैजान पाईने छैन । पछि कुनै कारणबस क्षेत्र बदल्नु परेमा कार्यालयसंग स्वीकृति माग गर्नु पर्ने छ ।

(च) शव वाहन प्रयोग भैरहेको अवस्थामा बिग्रन गई मर्मत गर्नुपर्ने भएमा कार्यालयको नियमअनुसार गर्नु पर्नेछ ।

(छ) शववाहन प्रयोग गर्दा उक्त उपकरण कार्यालयबाट बाहिर निस्केको र कार्यालयमा फिर्ता भएको मिति र समय जनाई सम्बन्धित अपरेटरको दस्तखत गराई तोकिएको अधिकारीबाट प्रमाणित गराई राख्नु पर्नेछ ।

(ज) शववाहन प्रयोग भई फिर्ता भएपछि सम्बन्धित अपरेटरले उक्त उपकरण संचालन भएको विवरण सहितको अपरेसन लगसीट कार्यालयमा बुझाउनु पर्नेछ ।

(झ) शववाहन प्रयोग घर देखि घाटसम्मको लागि गरिनेछ ।

## ६. शववाहन सेवा सञ्चालन तथा व्यवस्थापन निर्देशक समिति :

(१) शववाहनको व्यवस्थित, विश्वसनीय र प्रभावकारी प्रयोगको व्यवस्था मिलाउन तपसिल बमोजिमको निर्देशक समिति रहनेछ

| | |
|---|---|
| (क) नगरप्रमुख | संयोजक |
| (ख)नगर उपप्रमुख | सहसंयोजक |
| (ग)सामाजिक विकास समिति संयोजक | सदस्य |
| (घ) समितिले तोकेको नगर कार्यपालिका सदस्य मध्ये १महिला सदस्य | |
| (ङ) विपद व्यवस्थापन शाखा प्रमुख | सदस्य सचिव |

(२) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।समितिले बैठकमा आवश्यक ठानेका अन्य प्रतिनिधिहरुलाई समेत आमन्त्रण गर्न सक्नेछ ।

७. **गलत सूचना दिने व्यक्तिलाई हुने सजाय** :(१) शववाहनसेवाआवश्यक भयो भनी गलत सूचना दिने व्यक्ति र शव वाहन संचालन तथा व्यवस्थापन कार्यमा अवरोध पुर्याउने व्यक्तिलाई कानुन अनुसार कारवाही गरिनेछ।

८. **समिक्षा एवं प्रगति सम्बन्धि व्यवस्था** :(१) समितिले शव वाहन सञ्चालन तथा व्यवस्थापन सम्बन्धि क्रियाकलापहरुको समिक्षा गरी नगरपालिका समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

९. **खारेजी र बचाउ** :(१) यस निर्देशिकामा उल्लेख भएका कुराहरु यसै बमोजिम ट अन्य कुराहरु प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

**आज्ञाले**

**दिनानाथ लम्साल**

**प्रमुख प्रशासकीय अधिकृत**